रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


प.स. २०८३/०८४
च.नं.

मितिः २०८३/६/५

## कारबाही प्रक्रिया अगाडि बढाइने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

यस रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयसँग सम्झौता गरी नगरपालिका अन्तर्गतका विभिन्न योजना तथा निर्माण कार्य सम्पन्न गर्ने जिम्मेवारी लिएका निर्माण कम्पनी/फर्म/निर्माण व्यवसायीहरूले सम्झौतामा उल्लिखित तथा रत्ननगर नगरपालिकाको १९ औं नगरसभाबाट म्याद थप भएको मिति २०८३ असोज मासन्त भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा पटक—पटक लिखित तथा मौखिक रूपमा जानकारी तथा निर्देशन दिँदासमेत सम्झौता बमोजिमको कार्यसम्पादनमा अपेक्षित प्रगति हुन नसकेको तथा कतिपय योजनाहरू लामो समयदेखि अलपत्र अवस्थामा रहेको छ ।

यसरी सम्झौतामा तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न नगर्ने तथा निर्माण कार्यमा ढिलाइ गर्ने निर्माण व्यवसायीहरूलाई सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्बन्धित ठेक्का सम्झौताका शर्तहरू GCC 72 मा प्रावधान भए बमोजिम सम्झौता तोड्ने, कार्यसम्पादन जमानत जफत गर्ने, कालोसूचीमा राख्न सिफारिस गर्ने, हर्जाना असुल गर्ने तथा बाँकी निर्माण कार्यको मूल्याङ्कन ग़री सरकारी बाँकी सरह असुल उपर गर्ने लगायतका कारबाही प्रक्रिया अगाडि बढाइने हुदाँ यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा अनिवार्य रूपमा आधिकारिक प्रतिनिधि उपस्थित भई हालसम्मको कार्यप्रगति, निर्माण कार्य सम्पन्न गर्न नसक्नुको कारण तथा अबको स्पष्ट कार्ययोजना सहितको २०८३ असोज मसान्त भित्र काम सम्पन्न गर्ने लिखित प्रतिबद्धता पेश गर्न सूचित गरिन्छ।

तोकिएको समयभित्र स्पष्टीकरण पेश नगर्ने वा पेश गरिएको स्पष्टीकरण चित्तबुझ्दो नभएको अवस्थामा प्रचलित कानून तथा ठेक्का सम्झौता बमोजिम कुनै थप सूचना नदिई आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो अत्यन्त जरुरी सूचना प्रकाशित गरिएको छ।

(प्रकाश खनाल)
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np